# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४३ ) काठमाडौं, चैत १५ गते २०५० साल ( संख्या ४९


## भाग ३

श्री ५ को सरकार

### रक्षा मन्त्रालयको सूचना

शाही नेपाली सेना (दैनिक तथा भ्रमण भत्ता तेस्रो संशोधन) नियमावली, २०५०

शाही नेपाली सेना (दैनिक तथा भ्रमण भत्ता) नियमावली, २०३३ लाई संशोधन गर्न वान्छनीय भएकोले,

सैनिक ऐन, २०१६ को दफा १६५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "शाही नेपाली सेना (दैनिक तथा भ्रमण भत्ता) (तेस्रो संशोधन) नियमावली, २०५०" रहेको छ ।

(२) यो नियमावली २०५० साल आश्विन १ गतेदेखि प्रारम्भ भएको मानिने छ ।

२. शाही नेपाली सेना (दैनिक तथा भ्रमण भत्ता) नियमावली, २०३३ को नियम ८ मा संशोधनः– शाही नेपाली सेना (दैनिक तथा भ्रमण भत्ता) नियमावली, २०३३ (यसपछि मूल नियमावली भनिएको) को नियम ८ को –


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको:—

(१) रात बिताउनु पर्ने गरी आफ्नै अड्डा रहेको सदर मुकाम बाहिर भ्रमण वा काजमा खटिएका देहाएका तहका सैनिक व्यक्तिले देहाय बमोजिम दैनिक भत्ता पाउने छ ।

| | |
|---|---|
| (क) प्रथम तहकाले | रु. ९०।– |
| (ख) द्वितीय तहकाले | रु. ८०।– |
| (ग) तृतीय तहकाले | रु. ७०।– |
| (घ) चतुर्थ तहकाले | रु. ५५।– |

तर राशनको व्यवस्था भएको स्थानमा खटी गएमा भने दैनिक भ्रमण भत्ता पाउने छैन ।

(२) उपनियम (३) को ठाउँ-ठाउँमा रहेका "नगर पञ्चायत" भन्ने शब्दहरूको सट्टा "नगर पालिका" भन्ने शब्द राखिएका छन् ।

३. मूल नियमावलीको नियम १३ मा संशोधनः मूल नियमावलीको नियम १३ को उपनियम (१) र (२) मा रहेका "अञ्चलाधीश" "वा" भन्ने शब्दहरू झिकिएका छन् ।

४. मूल नियमावलीको नियम २३ मा संशोधनः मूल नियमावलीको नियम २३ को उपनियम (१) को –(१) खण्ड (क) मा रहेका "एक हजार छ सय रुपैयाँ" भन्ने शब्दहरूको सट्टा "तीन हजार दुई सय रुपैयाँ" भन्ने शब्दहरू र "एक हजार रुपैयाँ भन्ने शव्दहरूको सट्टा "दुई हजार रुपैयाँ भन्ने शब्दहरू राखिएका छन् ।

(२) खण्ड (ख) मा रहेका "दुई हजार रुपैयाँ" भन्ने शब्दहरूको सट्टा "८० अमेरिकी डलर बराबरको नेपाली रुपैयाँ" भन्ने शब्दहरू र "एक हजार चार सय रुपैयाँ" भन्ने शब्दहरूको सट्टा "६० अमेरिकी डलर बराबरको नेपाली रुपैयाँ" भन्ने शब्दहरू राखिएका छन् ।

५. मूल नियमावलीमा नियम २४.क थपः— मूल नियमावलीको नियम २४ पछि देहायको नियम २४. क थपिएको छः—

२४. क. अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्ने : श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर वा थपघट गर्न सक्नेछ ।

६. मूल नियमावलीको अनुसूची–३ मा संशोधनः— मूल नियमावलीको अनुसूची–३ को सट्टा यसैसाथ सलग्न अनुसूची–३ राखिएको छ ।

४५० (२)

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची – ३

(नियम २० को उपनियम (१) संग सम्बन्धित

### (क) दैनिक भत्ताको सामान्य दर

| तह | अनुसूची २ (क) वर्गका मुलुकमा अमेरिकी डलर | अनुसूची २ (ख) वर्गका मुलुकमा अमेरिकी डलर |
|---|---|---|
| (क) विशिष्ट तह | १०० | ८५ |
| (ख) प्रथम तह | ९० | ७५ |
| (ग) द्वितीय तह | ८० | ६५ |
| (घ) तृतीय तह | ७० | ५५ |
| (ङ) चतुर्थ तह | ६० | ४५ |

### भारतको लागि दैनिक भत्ता दर

| तह | भारतको दिल्ली, बम्वई, कलकत्ता, मद्रासमा अमेरिकी डलर | अन्य स्थानमा अमेरिकी डलर |
|---|---|---|
| (क) विशिष्ट तह | ४० | २४ |
| (ख) प्रथम तह | ४० | २४ |
| (ग) द्वितीय तह | ३२ | १६ |
| (घ) तृतीय तह | ३२ | १६ |
| (ङ) चतुर्थ तह | १६ | ८ |

### (क) दैनिक भत्ताको विशेष दर

खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सदस्य भएको अन्तर्राष्ट्रिय संघ संस्थाको सम्मेलन वा बैठकमा भाग लिन वा विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थासंग वार्ता वा संझौता गर्न वा श्री ५ को सरकारको प्रतिनिधित्व गरी जाँदा खाना र अन्य सबै प्रकारका खर्च नदिई केवल वासखर्च लजिङको लागि होटेलको बील बमोजिमको रकम र खाना तथा अन्य खर्चको लागि खण्ड (क) मा तोकिएको दैनिक भत्ताको दरको चालीस प्रतिशत रकम दिइनेछ तर यस खण्ड बमोजिम दिइने रकम निम्न लेखिएको दैनिक रकम भन्दा बढी स्वीकृत हुने छैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| तह | (क) वर्गका मुलुकमा | (ख) वर्गका मुलुकमा | भारतको लागि दिल्ली, बम्बई, मद्रास र कलकत्ता | अन्य स्थान |
|---|---|---|---|---|
| | अमेरिकी डलर | अमेरिकी डलर | अमेरिकी डलर | अमेरिकी डलर |
| (क) विशिष्ट तह | १२० | ११० | ८८ | ६४ |
| (ख) प्रथम तह | ११५ | १०० | ८८ | ६४ |
| (ग) द्वितीय तह | १०५ | ९० | ६४ | ४० |
| (घ) तृतीय तह | १०५ | ८५ | ६४ | ४० |
| (ङ) चतुर्थ तह | ९० | ७५ | ४० | २० |

होटेलको बिल पेश नगरेमा खण्ड (क) को दर अनुसार मात्र रकम दिइने छ।

(ग) प्रतिनिधि मण्डलमा जाँदा विशेष व्यवस्था

खण्ड (क) र (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सदस्य भएको अन्तर्राष्ट्रिय संघ संस्थाको सम्मेलन वा बैठकमा भाग लिन वा विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थासंग वार्ता वा सम्झौता गर्न वा श्री ५ को सरकारको प्रतिनिधित्व गरी प्रतिनिधिमण्डलमा जाँदा प्रतिनिधिमण्डलमा अन्य अधिकृत कर्मचारीहरू पनि समावेश भएकोमा सो प्रतिनिधिमण्डलमा समावेश भई जाने अन्य कर्मचारीलाई पनि सो देशमा बस्दा प्रतिनिधिमण्डलका वरिष्ठ अधिकृत कर्मचारीले पाएसरह होटेलको बिल बमोजिमको बास खर्च दिने गरी श्री ५ को सरकारले निर्णय गर्न सक्नेछ। तर खाना तथा अन्य खर्चको लागि भने खण्ड (क) बमोजिम आफ्नो तहले पाउने रकमको चालीस प्रतिशत रकम मात्र पाउनेछ।

आज्ञाले,
रमेशजंग थापा
श्री ५ को सरकारको सचिव

५१२



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

मुद्रण विभाग
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।